# सरावल गाँउपालिका

## नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः५ | माघ महिना ०३ गते, २०८० |

### भाग १

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम सरावल गाउपालिकाको गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**ऐनको नामः सरावल गाउँपालिका कर्मचारी कल्याण कोष सञ्चालन गर्न बनेको ऐन-२०८०**

**सरावल गाउँपालिका कर्मचारी कल्याण कोष सञ्चालन गर्न बनेको ऐन-२०८०**

सरावल गाँउपालिका

स्वीकृत मिति २०८०/०९/२९
प्रमाणिकरण मितिः- २०८१/१०/०३
प्रकाशित मितिः२०८१/१०/०३

**प्रस्तावनाः-** सरावल गाउँपालिकामा कार्यरत कर्मचारीहरुका लागि उपदान, आर्थिक सहायता र ऋण लगायतका सुविधाहरु उपलब्ध गराउने प्रयोजनका लागि कर्मचारी कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को दफा २२६(१) को अधिकार प्रयोग गरी सरावल गाउँपालिकाको गाउँसभावाट यो ऐन जारी गरिएको छ।

**परिच्छेद १ प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम “सरावल गाउँपालिका कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन २०८०" रहेको छ । (२) यो ऐन सरावल गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितीदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेदेखि आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले सरावल गाउँपालिकाको स्वीकृत दरबन्दी तेरीज अनुसारको पदमा पदस्थापना भई कार्यरत रहेका स्थानीय सेवाका स्थायी र करारका कर्मचारीलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले सरावल गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "कार्यविधि ऐन" भन्नाले सरावल गाउँपालिकाको **"कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन, २०८०"** सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले यसै ऐनको दफा ३ बमोजिम स्थापना भएको 'सरावल गाउँपालिका कर्मचारी कल्याण कोष' सम्झनु पर्छ ।

(च) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले सरावल गाउँपालिकाको गाउँ कार्यपालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "गाउँपालिका" भन्नाले 'सरावल गाउँपालिका' सम्झनु पर्छ ।

(ज) "प्रमुख" भन्नाले 'सरावल गाउँपालिकाको अध्यक्ष' सम्झनु पर्छ ।

सरावल गाउँपालिका

(क) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले 'सरावल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत' सम्झनु पर्छ ।

(ञ) “संघीय ऐन" भन्नाले 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' सम्झनु पर्छ ।

(ट) "सञ्चालक समिति" भन्नाले 'कोप सञ्चालनका लागी गठन भएको सञ्चालक समिति' सम्झनु पर्छ ।

(ठ) "सभा" भन्नाले 'सरावल गाउँपालिकाको सभा' सम्झनु पर्छ ।

(ड) "सेवाबाट अलग" भन्नाले सरावल गाउँपालिकाको सेवाबाट **अवकाश प्राप्त गरेको, अन्य कुनै कारणले नोकरीबाट अलग भएको र बढुवा वा प्रतिस्प्रर्धात्मक परीक्षामा उर्तिण भई प्रदेश वा संघिय निजामती वा सरकारी सेवामा गएको अवस्था** सम्झनु पर्छ ।

(ढ) "एकाघरको परिवार" भन्नाले सम्बन्धीत कर्मचारीको **आमावुवा, पति वा पत्नी, नाबालक भाईबहिनी र छोराछारीलाई** सम्झनु पर्छ ।

(ण) "सेवा अवधि" भन्नाले

i) बिक्रम संवत २०७४ मा सरावल गाउँपालिकाको स्थापना भएपश्चात यस गाउंपालिकाको सेवामा रहेको अवधि

ii) स्थायी सेवाका कर्मचारीको प्रचलित कानून बमोजिमका उपदान घरबिदा सञ्चिती र विरामी बिदा सञ्चिती लगायतको गणना प्रयोजनको लागि सोही कानूनमा भएको व्यबस्था बमोजिमको अवधि

iii) अन्य कानूनमा स्पष्ट व्यवस्था भएकोमा बाहेक साबिकका जुनसकै स्थानीय निकायमा स्थायी नियुक्ती भई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम यस गाउंपालिकाको स्थायी दरबन्दीमा समायोजन भएका वा अन्य गाउँपालिका वा नगरपालिकामा समायोजन भएको भएतापनि लोकसेवाबाट माथिल्लो पदमा सिफारिस भई यस गाउंपालिकाको पदमा स्थायी नियुक्त भएका वा लोकसेवा आयोगको सिफारिस बमोजिम अन्य स्थानीय तहमा नियुक्त भएको तर यस गाउँपालिकामा सरुवा भई आएका कर्मचारीको प्रचलित कानून बमोजिम उपदान, घर बिदा र विरामी विदा सञ्चिती लगायतका सुविधा उपलब्ध गराउने प्रयोजनको लागि सेवा अवधि गणना गर्दा निजले साविकको स्थानीय निकायको वा स्थानीय तहको सेवालाई पनि गणना गरिनेछ र सुविधा प्रदान गरिनेछ। तर निजले साविकका कार्यालयवाट सुविधाहरू प्राप्त गरेको हुनु हुदैन ।

iv) साविकको गाउँ विकास समिति र जिल्ला विकास समितिको कार्यालयले करार गरेको र यस गाउँपालिका स्थापना भएपछि पनि अविच्छिन करारमा काम गर्दै आएका कर्मचारीहरुको सेवा अवधि गणना गर्दा अबिच्छिन्न रुपमा सेवा गरेको प्रमाणित भएमा निजको सेवा अवधि सुरु करार भएको मिति देखि नै गणना गरिने छ।



सरावल गाउँपालिका

## परिच्छेद २
## कल्याण कोषको स्थापना, उद्देश्य तथा प्रयोग सम्बन्धी व्यवस्था

**३. कल्याण कोषको स्थापनाः** (१) गाउँपालिका कर्मचारी कल्याण कोष (सञ्चालन) प्रयोजनका लागि **सरावल गाउँपालिका कर्मचारी कल्याण कोष** नामको एक कोष रहने छ।

(२) उपदफा (१) बमाजिम स्थापना हुने कोषमा प्रत्येक आर्थिक वर्षमा गत आ. व. को कुल आन्तरिक आयको न्यूनतम २.५ प्रतिशत रकम जम्मा गरिनेछ।

(३) यस ऐन बमोजिम सेवा सुविधा प्राप्त गर्न योग्य कर्मचारीहरुको सुरु तलब स्केलको प्रतिमहिना आधा दिनको तलब यस कोषमा जम्मा गरिनेछ।

उपदफा (२) र (३) बमोजिम व्यवस्था गर्नपर्ने रकम आगामी आ.वको वार्षिक स्वीकृत कार्यक्रमवाट व्यवस्था गरिनेछ। भने कर्मचारीबाट कट्टा गर्नुपर्ने रकमको आगामी आ.व. को श्रावण १ गतेवाट सुरुवात हुनेछ।

(४) माथि उल्लेखित रकम बाहेक उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ।

(क) कर्मचारी कल्याण कोषको लागि गाउँपालिकाले हालसम्म छुट्याएको रकम,
(ख) अन्य निकायबाट गाउँपालिकाको उक्त कोषलाई अनुदान स्वरुप प्राप्त रकम,
(ग) कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,
(घ) कोषमा रहेको रकमबाट प्राप्त सावा र ब्याज रकम,
(ङ) कोषको लगानीबाट प्राप्त मुनाफा, रोयल्टी, सावा फिर्ता, मुनाफाको व्याज वापतको रकम,
(च) कर्मचारीलाई सुविधा दिने प्रयोजनका लागि गाउँपालिकाले विनियोजन गरेको अन्य प्रकारका रकम,

(५) उपदफा (२) वमोजिम कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकमा **"सरावल गाउँपालिका कर्मचारी कल्याण कोष"** को नाममा बचत खाता खोली राखिने छ ।

**४. सदस्यताः-** (१) गाउँसभाले स्वीकृत गरेको दरवन्दी तेरीज अनुसारका पदमा कार्यरत रहेका स्थानीय सेवा तर्फका स्थायी र करार कर्मचारी स्वतः कल्याण कोषको सदस्य हुने छन् ।

(२) उपदफा (१) बमोजिम प्राप्त सदस्यता प्राप्त त्यस्तो कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भएपछि सदस्यता स्वतः समाप्ति हुनेछ ।

**५. कोषको उद्देश्यः**

(१) स्थानीय तहका स्थायी तथा करारका कर्मचारीहरुलाई प्रचलित कानून र यस ऐन बमोजिम प्राप्त हुने उपदान, निवृत्तिभरण, आर्थिक सहायता लगायतका सुविधा प्रदान गर्नु कोषको उद्देश्य हुनेछ ।

**६. कोषको प्रयोगः** देहाय बमोजिमको कामका लागि कोषको रकम प्रयोग गर्न सकिने छ

(१) स्थानीय सेवा तर्फका स्थायी कर्मचारी जुनसुकै तवरले सेबाबाट अलग भएकोमा प्रचलित कानूनी व्यवस्था अनुसार उपदान वा निवृत्तिभरण सुविधा पाउने भएमा सो उपलब्ध गराउन ।

तर स्थायी कर्मचारीको उपदान र निवृत्तभरण सम्बन्धमा संघीय र प्रदेश कानून बमोजिम अन्य कोषबाट व्यहोंने भएमा सोही बमोजिम हुनेछ ।

(२) स्थानीय सेवा तर्फका स्थायी कर्मचारी तथा अन्य सेवाको स्थायी कर्मचारी जुनसुकै तवरले सेवाबाट अलग भएकोमा दफा ८ बमोजिम सञ्चित घर विदा र विरामी विदा लगायतका सुविधा रकम उपलब्ध गराउन ।

(३) दफा ९(१) मा उल्लेख भए बमोजिम कर्मचारी मृत्यु हुँदा, सेवाबाट निवृत हुँदा र विरामी, दुर्घटना वा प्राकृतिक विपदमा पर्दाको बखत आर्थिक सहायता उपलब्ध गराउन ।

(४) स्थानीय सेवा तर्फका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा छुट्टै ऐन बनेपछि सो बमोजिम हुने तर त्यसरी छुट्टै ऐन नबन्दा सम्म निजामती सेवा ऐन २०४९ र नियमावली २०५५ बमोजिम स्थानीय सेवाका स्थायी कर्मचारीहरुलाई निजामती कर्मचारीले पाए सरहको सुबिधाहरु उपलब्ध गराउन ।

तर संघीय निजामती सेवाबाट यस गाउँपालिकामा समायोजन भएका कर्मचारीको हकमा संघीय सरकारले सुविधा उपलब्ध नगराउने भएमा मात्र यस दफा बमोजिमको सुबिधा उपलब्ध गराईनेछ । निजामती सेवा ऐन तथा नियमावली र यस ऐन बमोजिम सुविधा दोहोरो पर्ने भएमा कर्मचारीले रोजेको कुनै एक सुविधा मात्र उपलब्ध गराईनेछ ।

(५) कोष माथि अदालतको आदेशले दायित्व सिर्जना भएको वा दफा ११ बमोजिम रकम फिर्ता गर्नुपर्ने रकम उपलब्ध गराउन ।

**७.** दफा ६ को उपदफा ४ को प्रयोजनको लागि निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० मा व्यवस्था भएको नेपाल सरकारले गर्ने काम वा निर्णय गाउँ कार्यपालिकाले, मन्त्रालयको सचिवको विभागीय प्रमुखको र नियमावलीको नियम ९५ र १०० बमोजिमका समितिका काम वा निर्णय दफा १५ बमोजिम गठित सञ्चालक समितिले र मेडिकल बोर्डको काम दफा २४ बमोजिम गठित समितिले गर्नेछ ।

**८. कर्मचारीको सञ्चित घर बिदा र विरामी विदा सुविधा पाउने**

सरावल गाउँपालिका

(१) यो ऐन बमोजिम जम्मा भएको रकमबाट गाउँपालिकामा कार्यरत स्थानीय सेवा तर्फका स्थायी कर्मचारीले प्रचलित कानून बमोजिम सञ्चित घर विदा र विरामी बिदा बापतको सुविधाहरु यसै कोषबाट प्रदान गरिने छ ।

**९. (१) कोषबाट निम्न अवस्थामा देहायको आर्थिक सहायता उपलब्ध गराईनेछ ।**

(क) बिरामी हुँदा बिरामी उपचार सहायता कर्मचारी गम्भिर बिरामी भई शल्यकिया वा उपचार गर्दा निजको सुरु तलब स्केलको २ महिनाको तलब भन्दा बढी खर्च लागेमा खर्च भएको आधारमा सञ्चालक समितिको निर्णय गराई निजले ऋण माग गर्दाको दिनसम्म प्राप्त गर्ने रकमको गणना गरी अधिकतम ९०% रकम ऋणस्वरुप उपलव्ध गराउन सकिनेछ। यसरी प्रदान गरिएको ऋणको भुक्तानीको प्रकार, व्याजदर तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(ख) दुर्घटना पर्दा दुर्घटना उपचार सहायताः- कर्मचारी दुर्घटना वा प्राकृतिक विपत्तिमा परी उपचार गर्नुपर्दा निजको सुरु तलब स्केलको २ महिनाको तलब भन्दा बढी खर्च लागेमा सञ्चालक समितिको निर्णयबाट निजले ऋण माग गर्दाको दिनसम्म प्राप्त गर्ने रकमको गणना गरी अधिकतम ९०% रकम ऋणस्वरुप उपलव्ध गराउन सकिनेछ। यसरी प्रदान गरिएको ऋणको भुक्तानीको प्रकार, व्याजदर तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(ग) मृत्यु हुँदा सन्तत्ति शैक्षिक सहायताः- सरावल गाउँपालिकाको सेवामा बहाल रहेकै अवस्थामा कुनै कर्मचारीको मृत्यु भएमा कर्मचारीको २ जनासम्म नाबालक सन्ततिहरुलाई +२ सम्म अध्ययन गर्नका लागि वार्षिक रुपमा मृत्यु हुने कर्मचारीको सुरु तलब स्केलको २ महिनाको तलब बराबरको रकम शैक्षिक सुविधा वापतको रकम उपलव्ध हुनेछ। तर अनुत्तिर्ण भएको, पढाई छाडी वसेको सन्ततिहरुले यो सुविधा प्राप्त गर्न सक्ने छैनन। २ भन्दा बढी सन्ततिको हकमा प्रति सन्तति एक महिना बराबरको रकम थप सुविधा उपलब्ध गराईनेछ।

(घ) सेवाबाट अलग हुदा सहायताः- कुनै कर्मचारी सरावल गाउंपालिकाको सेवाबाट अलग हुदा अनुसूची १ बमोजिम सहायता रकम प्रदान गरिनेछ ।

(इ) परिवारलाई किया खर्च सहायता कुनै कर्मचारी सेवामा बहाल रहेको बखत निधन भएमा निजको परिवारलाई एकपुष्ठ किरिया खर्च सहायता बापत निजको सुरु तलब स्केलको एक महिना बराबरको रकम उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको सहायता प्राप्त गर्न निम्न योग्यता पुगेको हुनुपर्दछ ।

(क) उपदफा (१) को (क) र (ख) र (ग) उपदफाको लागि सरावल गाउँपालिकामा अविच्छिन रुपमा ५ वर्षभन्दा बढी सेवा अवधि सेवा गरेको ।

सरावल गाउँपालिका

(ख) उपदफा (१) को (घ) उपदफाको लागी सरावल गाउँपालिकामा स्थायी कर्मचारीको हकमा संघीय वा प्रदेश कानूनबमोजिमको अबधी र करार कर्मचारीको हकमा अविच्छिन्न रुपमा १० वर्ष भन्दा बढी सेवा अवधि सेवा गरेको ।

(घ) तर दफा ६ को उपदफा ५ बमोजिम स्थायी कर्मचारीलाई सुविधा उपलब्ध गराउन यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

**१०) कोषबाट कर्मचारीहरुलाई ऋण सहायता**

(क) कोषबाट कर्मचारी र निजको एकाघरको परिवारलाई असाध्य वा जटिल वा घातक र औषधी उपचार गर्न बढी खर्च लाग्ने रोग लागेको अवस्थामा औषधी उपचार ऋण सहायता, घर बनाउन र घर किन्नका लागि घर ऋण सहायता र जग्गा किन्नका लागि जग्गा ऋण सहायता उपलब्ध गराईने व्यवस्था तोकिएबमोजिम हुनेछ।

(ख) उपदफा ९ बमोजिम प्रदान गरिएको ऋण सहायता बापतको रकम चुक्ता नगर्दै दोश्रो कुनै ऋण सहायता उपलब्ध गराईने छैन ।

(ग) दफा ९ बमोजिम ऋण सहायता उपलब्ध गराईएको कर्मचारी सदाको लागि काम गर्न नसक्ने भएमा निजवाट निजको दुर्बलता वा गरिबीका कारण ऋण चुक्ता नहुने अवस्था भएकोमा आंशिक वा पूर्णरुपमा ऋण को सावा वा व्याज वा दुवै छुट दिन सकिनेछ । ऋण छुटको निर्णय सञ्चालक समितिको सिफारिसमा र कार्यपालिकाको निर्णय भई गाउँ सभाबाट हुनेछ।

(घ) ऋण सहायताको दुरुपयोग गरेको प्रमाणित भएमा ऋण सहायता प्राप्त गर्ने कर्मचारीलाई र दुरुपयोग हुने सम्भावना हुदाहुदै ऋण सहायताको सिफारिस गरेको प्रमाणित भएमा सञ्चालक समितिका सदस्यहरुलाई गाउँकार्यपालिकाले विभागीय कारवाही गर्नु पर्दछ र सम्बन्धीत निकायमा थप अनुसन्धान र कारवाहीका लागि सिफारिस गरि पठाउनुपर्नेछ।

(ङ) कोषबाट कर्मचारीहरुलाई ऋण सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, प्राथमिकता निर्धारण र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११) जम्मा रकम फिर्ता पाउने:-** दफा (३) को उपदफा (३) बमोजिम नियमित रुपमा कोषमा रकम जम्मा गर्ने कर्मचारी सेवाबाट अलग हुँदा निजले कोषमा गरेको योगदानलाई दिनमा परिवर्तन गरी सुरु तलब स्केलको अनुपातमा हिसाव गरी सम्पुर्ण रकम फिर्ता पाउनेछन।

**१२) सुविधा तथा सहुलियतबाट बञ्चित गरिने अवस्था:-** (१) देहायको अवस्थामा गाउँपालिकाका स्थायी तथा करारका कर्मचारीलाई पूरै वा आशिक रुपमा कर्मचारी कल्याण कोष अन्तर्गत सञ्चालित कार्यक्रममा दिइने सुविधाबाट बञ्चित गर्न सकिने छ ।

(क) प्रचलित कानुनले जघन्य अपराध मानेको काम गरेको प्रमाणित भएमा ।

सरावल गाउँपालिका

(ख) यस ऐन बमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा।
(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।
(घ) कारवाही स्वरुप सेवाबाट बर्खास्त गरिएको भएमा ।
(२) उपदफा १ बमोजिमको अवस्था रहे पनि कर्मचारी स्वयंले कोषमा योगदान गरेको रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

**१३.** जुनसुकै शीर्षकबाट भुक्तानी हुने कर्मचारी अवकाश हुँदा वा अन्य कारणले ती कर्मचारीलाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट कर्मचारी कल्याण कोषमा नियमानुसार बजेट रकमान्तर गरी भुक्तानी गरिने छ।

**१४. कोषको प्रयोग गर्न नपाइनेः-** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाइने छैन।
(क) नियमित प्रशासनिक कार्यका लागि खर्च गर्न,
(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,
(ग) कुनै सरकारी बा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,
(घ) ऐनमा व्यवस्था गरिएको भन्दा वाहेक अन्य कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,
(ङ) गोष्ठी, अन्तर्क्रिया, सभा सम्मेलन सञ्चालन गर्न,
(च) कुनै पनि पूर्वाधार निमार्णका काम गर्न गराउन,
(छ) दफा (५) र (६) को प्रतिकुल हुने गरी अन्य कुनै प्रकारको शिर्षकमा खर्च गर्न,

## परिच्छेद ३
## सञ्चालक समिति गठन र बैठक प्रक्रिया

**१५ सञ्चालक समितिः** (१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनका लागि एक सञ्चालक समिति रहने छ ।
(२) उपदफा (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारी रहने छन
(क) गाउँपालिकाको स्थानीय सेवा तर्फको वरिष्ठतम अधिकृतस्तरको स्थायी कर्मचारी -अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृतः- सदस्य

सरावल गाउँपालिका

(ग) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखा शाखामा काम गर्ने कर्मचारीः- सदस्य
(घ) गाउँपालिकाको स्थायी सेवामा रहेको यस समितिले तोकेको १ महिलासहित ३ जनाः- सदस्य
(ङ) गाउँपालिकाको प्रशासन शाखा प्रमुखः- सदस्य सचिव
(३) उपदफा (२)(क) बमोजिमको सदस्य २(ग) वा २(ङ) बमोजिमको सदस्य भएकोमा सम्बन्धीत शाखाका निज अधिकृत पछिको वरिष्ठ कर्मचारी समितिको सदस्य हुनेछ ।
(४) उपदफा (२) (घ) बमोजिमको सदस्यहरुको कार्यकाल २ वर्षको हुनेछ । समितिले सम्भव भएसम्म सबै कर्मचारीहरुको पालोपर्ने गरी चक्रीय रुपमा सदस्य चयन गर्नेछ।
(५) उपदफा (२),(३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको सदस्य हुन प्रमुख प्रशासकीय अधिकृत बाहेकका सदस्यहरु स्थानीय सेवा तर्फका स्थायी कर्मचारी र सम्भव भएसम्म अवकाश हुन कम्तीमा ५ वर्षभन्दा बढी सेवा अवधि बाँकी रहेको कर्मचारी हुनुपर्दछ ।
**१६. सञ्चालक समितिको बैठकः** (१) बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट गरिने छ । सर्वसम्मति कायम हुन नसकेमा कुल कायम रहेको सदस्य संख्या दुई तिहाई बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिने छ ।
(२) सञ्चालक समितिको बैठकको काम कारबाही तथा निर्णय अध्यक्ष वाहेक अन्य कुनै पद रिक्त भएको वा कुनै सदस्यको अनुपस्थित भएको कारणले मात्र अमान्य हुने छैन ।
(३) सञ्चालक समितिले वित्तिय व्यवस्थापनको ज्ञान भएको कुनै कर्मचारी वा विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ तर आमन्त्रित सदस्यको मताधिकार रहने छैन ।
(४) सञ्चालक समितिको बैठक प्रत्येक चौमासिकमा कम्तीमा एक पटक बस्नेछ । अध्यक्षको अनुमतिमा सदस्य सचिवले बैठक आह्वान गर्ने छ ।
**१७ सञ्चालक समिति र समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकारः** (१) बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने,
(२) कार्यपालिका, गाउँ सभा र पदाधिकारीसँग समन्वय राखी कोषका लागी आर्थिक स्रोत जुटाउन प्रयास गर्ने,
(३) कोषको आय वृद्धि गर्ने विविध कार्यक्रम सञ्चालन गर्ने,
(४) कोष सञ्चालनका समयसापेक्ष नीति, ऐन, नियमको पहिचान गरी गाउँसभा र गाउँ कार्यपालिकालाई कानून बनाउन सिफारिस र सहयोग गर्ने,
(५) हरेक आर्थिक वर्षको हर हिसाबको लेखापरीक्षण गराउने व्यवस्था मिलाउने,
(६) कोष सञ्चालन सम्बन्धी हिसावकिताव दुरुस्त राख्न लगाउने,



सरावल गाउँपालिका

**१८ समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्वः** (१) कोष सञ्चालक समितिका सदस्य तथा कर्मचारीले यस ऐनको उद्देश्य विपरीत हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी काम गरेको प्रमाणित भएका त्यस्तो कार्यमा संलग्न समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकमवाट जफत गर्न सकिने छ ।

## परिच्छेद ४
## कोषको सञ्चालन, लेखा र लेखापरीक्षण, कोषको व्यवस्थापन

**१९ कोषको खाताः** (१) गाउँपालिकाले कर्मचारी कल्याण कोषका लागि अलग्गै विशेष बचत खाता नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बैंकमा खोल्ने छ ।

**२० खाता सञ्चालनः** (१) कोषको आर्थिक कारोबारका लागि बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

**२१. कोषको आयव्ययको लेखा तथा सोको सार्वजनीकिकरणः** (१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

(२) कोषले कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक आयव्ययको विवरण समेत खुल्ने गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा समक्ष पेश गर्नु पर्नेछ ।

**२२. लेखापरीक्षणः-** (१) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षकले गर्नेछ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) लेखापरीक्षण प्रतिवेदन कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्नु पर्नेछ ।

**२३.** रकम फिज नहुने यस कोषमा जुनसुकै स्रोतबाट जम्मा भएको रकम मध्ये आशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम फिज नभइ कोष मैं रहने छ

**२४.** यस ऐन बमोजिम निर्मित कोषको समग्र गतिबिधीको व्यवस्थापन गर्नका लागी तपशिल बमोजिमको एउटा व्यवस्थापन समिति रहनेछ ।

(क) अध्यक्षः- गाउँपालिका अध्यक्ष

(ख) सदस्यः- प्रमुख प्रशासकीय अधिकृत

सरावल गाउँपालिका

(ग) सदस्य सञ्चालक समितिको सिफारिसमा गाउँपालिकाले मनोनयन गरेका प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा दर्ता भएका १ जना डाक्टर

(घ) सदस्य - गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख

## परिच्छेद ५
## विविध

**२५) निर्देशन दिन सक्नेः-** कोष सन्चालन सम्बन्धी विषयमा गाउँ कार्यपालिकाले यस ऐनको प्रतिकूल नहुने गरी सञ्चालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

**२६) सहयोगका लागि आव्हान गर्न सक्नेः-** कुनै कारणले कर्मचारी कल्याण कोषमा रकम अभाव भई भुक्तानी गर्न समस्या उत्पन्न भएमा सञ्चालक समितिले गाउँपालिकालाई र गाउंपालिकाले प्रदेश तथा केन्द्र सरकार समक्ष सहयोगका लागि आव्हान गर्ने सक्नेछ।

**२७) दायित्व सर्नेः-** यो ऐन प्रारम्भ हुनुभन्दा अघि सिर्जना भएका गाउँपालिकाको कर्मचारी कल्याण कोषसंग सम्बन्धित हक तथा दायित्व यस ऐन बमोजिम कोषमा सर्नेछ । स्थानीय सेवा तर्फका कर्मचारीले पाउने सुविधा सम्बन्धमा संघ र प्रदेश सरकारको ऐन वा मापदण्ड बमोजिम ऐन बनी त्यसमा कर्मचारीको सुविधाको लागि स्थानीय कोषको व्यवस्था गर्नुपर्ने भएमा यस कोषलाई उक्त कोषमा बदल्न र अन्य कोषहरुबाट यस कोषमा रकम जम्मा गर्न सकिनेछ। त्यसरी अन्य कोषबाट यस कोषमा रकम जम्मा भई आएमा ति कोषको दायित्व समेत यस कोषमा सरेको मानिनेछ ।

स्थायी तर्फका कर्मचारी कल्याण कोषको हकमा संघीय वा प्रदेश कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम तथा नबन्दासम्म यसै ऐनमा व्यवस्था भए बमोजिम कार्यविधि निर्माण गरी कार्यान्वयनमा लगिने छ ।

**२८) नियमावली, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः-** यस ऐनको उद्देश्य र मुख्य प्रावधानहरु प्रतिकूल नहुने गरी कार्यसञ्चालन सहज रुपमा गर्न सञ्चालक समितीको सिफारिसमा गाउँ कार्यपालिकाले नियमावली, निर्देशिका तथा मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ ।

२९) बचाउः- यो ऐन प्रारम्भ हुनुभन्दा अधि गाउंपालिकाको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ।

**अनुसुची-१**

**ऐनको दफा ९ (१)घ संग सम्वन्धित**

| सि.नं. | सेवा अवधि | सहुलियत रकम |
|---|---|---|
| १ | १० वर्ष भन्दा बढी २० बर्षसम्म | १ बर्ष बराबर सुरु तलब स्केलको ०.५ महिना बराबरको सुविधा |
| २ | २० बर्ष भन्दा बढी | १ बर्ष बराबर सुरु तलव स्केल १ महिना बराबरको सुविधा |

**आज्ञाले**

**विशाल मिश्रा**

**प्रमुख प्रशासकीय अधिकृत**

सरावल गाँउपालिका